नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ती

आज मिति २०७५/०८/०५ गते बिहान करिब ६:३० बजेको समयमा दुहवी नगरपालिका वडा नं. ९ स्थित छातावेली सोनापुर निवासी फुल मोहम्मद मियाका छोरा वर्ष ५२ का फिदा हुसेनको अज्ञात व्यक्तिबाट गोली हानी हत्या भएको घटनाको घोर भर्त्सना गर्दै सो घटना प्रति गृह मन्त्रालय गहिरो दुःख व्यक्त गर्दछ ।

उक्त घटनाको तत्काल छानवीन तथा अनुसन्धान गर्न नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो समेतको विशेष टोली घटनास्थल तर्फ परिचालन भैसकेको छ । घटनाको निष्पक्ष छानवीन तथा अनुसन्धान गरी दोषीलाई प्रचलित कानून अनुसार कारवाही गर्न गृह मन्त्रालय दृढ रहेको छ । यस परिस्थितिमा सम्बद्ध सवैलाई संयमित भई शान्ति सुव्यवस्था कायम राख्न र दोषीको पहिचान गर्ने कार्यमा सहयोगको लागि गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

मितिः२०७५/०८/०५

रामकृष्ण सुवेदी
प्रवक्ता/सहसचिव